# एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्ट (वाणिज्य तथा सामुदायिक विकास एजेन्सी)
# इकोनोमिक रिकभरी ब्रिज ग्रान्ट्स (आर्थिक पुनर्उत्थान सेतु अनुदानहरू)

## आवेदकहरूका लागि मार्गदर्शन

*यस कागजातको उद्देश्य भनेको कार्यकारी शाखा, व्यवस्थापिका, एजेन्सी तथा विभागीय साझेदारहरू र एक्ट 9 (ऐन 9) मार्फत र अमेरिकन रिकभरी प्लान एक्ट (अमेरिकी पुनर्उत्थान योजना ऐन) अनुसार स्थापना भएको इकोनोमिक रिकभरी ब्रिज ग्रान्ट्स (आर्थिक पुनर्उत्थान सेतु अनुदान) का अनुदान आवेदकहरूलाई मार्गदर्शन प्रदान गर्नु हो।*

अप्रिल 17, 2021 मा, H.315 लाई एक्ट 9 (एक्ट) को रूपमा कानुन बनाइएको थियो। यस एक्टले सन् 2020 मा कर घाटाको मारमा परेका र तत्काल राज्यको सहयोग चाहिने भर्मोन्टका योग्य व्यवसाय र गैर-नाफामूलक संघसंस्थाहरूलाई अनुदानहरू उपलब्ध गराउन अमेरिकन रिकभरी प्लान एक्ट (ARPA) (अमेरिकी पुनर्उत्थान योजना ऐन) बाट $10 मिलियन आर्थिक सहयोग एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्ट (वाणिज्य तथा सामुदायिक विकास एजेन्सी) लाई विनियोजन गरेको छ। इकोनोमिक रिकभरी ब्रिज ग्रान्ट्स कार्यक्रमको विधायकी अभिप्राय पहिले संघीय वा राज्यका आर्थिक सहायता प्राप्त नगरेका व्यवसायहरूलाई प्राथमिकता रकम प्रदान गर्नु हो। कोष (आर्थिक सहयोग) उपलब्ध भएको हदसम्म, संघीय वा राज्यका सहायता प्राप्त गरिसकेपछि पनि कर घाटा बेहोर्नुपरेका व्यवसायहरूलाई पनि सहयोग गर्ने कार्यक्रमको उद्देश्यभित्र पर्दछ।

## आवेदन प्रक्रिया

आवेदकहरूले एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टद्वारा उपलब्ध गराइएको अनलाइन आवेदन पोर्टलमा आफ्ना आवश्यक विवरण प्रदान गर्नेछन् र सबै आवश्यक कागजातहरू सहित आवेदन पेश गर्नेछन्। एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्ट र अन्य साझेदारबाट आएका समीक्षकहरूले तल वर्णन गरिएको प्राथमिकता मापदण्डहरूका आधारमा भरिएका विवरणलाई जाँच गर्दै र आवश्यक कागजातहरूलाई रुजु गर्दै सबै आवेदनहरूको समीक्षा गरेर स्वीकृत तथा अस्वीकृत गर्नेछन् वा थप जानकारी र/वा सच्याउनका लागि आवेदन फिर्ता गर्नेछन्।

## योग्यतासम्बन्धी मापदण्डहरू

इकोनोमिक रिकभरी ब्रिज ग्रान्ट्स कोषमा पहुँच प्राप्त गर्नका निम्ति योग्य व्यवसायहरूले तलका सबै मापदण्डहरूलाई अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ। व्यवसायहरू:

1. अनिवार्य रूपमा भेर्मोन्टमा अवस्थित हुनुपर्छ वा यसको व्यवसायको मुख्य स्थान भर्मोन्ट हुनुपर्छ।
2. निम्न तरिकामा स्थापित र सञ्चालित हुनुपर्छ:
    a. एकल स्वामित्व, अभिभावकतत्व, LLC, व्यापारिक संस्था, सहकारी वा सामूहिक लाभ उद्यम लगायतका नाफामूलक हुनुपर्नेछ; वा
    b. पारस्परिक लाभ संस्था, सार्वजनिक लाभ संस्था र न्यून-नाफामूलक सीमित दायित्व कम्पनी लगायतका गैर-नाफामूलक वा न्यून-नाफामूलक हुनुपर्नेछ; र
3. आवेदनको समयमा खुला रहेको हुनुपर्नेछ; वा
    a. COVID-19 जनस्वास्थ्य आपत्कालीन अवस्थाको कारण आवेदनको समयमा बन्द गरिएको तर पुन: खुल्ने योजना हुनुपर्नेछ; र
4. *भर्मोन्ट फर्वार्ड रिओपनिङ योजना*[1] द्वारा स्थापित राज्यको वर्तमान स्वास्थ्य तथा सुरक्षा प्रोटोकोलको पालना गरेको हुनुपर्नेछ; र
5. पेश गरिएको संघीय कर दाखिला विवरणमार्फत सन् 2020 मा सामना गर्नुपरेको खुद घाटा सन् 2019 मा रिपोर्ट गरिएको कुनै पनि खुद घाटाभन्दा बढी थियो भनेर प्रमाणित गर्न सक्नुपर्नेछ; र

[1] https://www.vermont.gov/vermont-forward#gsc.tab=0

6. भर्मोन्ट डिपार्टमेन्ट अफ लेबर (श्रम विभाग) मा यसको राम्रो रेकर्ड रहेको हुनुपर्नेछ (यदि लागू हुने भएमा समीक्षकहरूद्वारा पुष्टि गरिने); र
7. भर्मोन्ट सेक्रेटरी अफ स्टेट (राज्य सचिव) मा यसको राम्रो रेकर्ड हुनुपर्नेछ (यदि लागू हुने भएमा समीक्षकहरूद्वारा पुष्टि गरिने); र
8. भर्मोन्ट डिपार्टमेन्ट अफ ट्याक्सेस (कर विभाग) मा यसको रेकर्ड राम्रो हुनुपर्नेछ; र
9. हाल यो च्याप्टर 7 अनुसार टाट पल्टिएको हुनुहुन्न;

योग्य व्यवसायहरूले आफ्ना अनुदान आवेदनहरूमा निम्न विवरण उपलब्ध गराउन आवश्यक पर्नेछ:

- संघीय रोजगारदाता पहिचान नम्बर (FEIN) वा सामाजिक सुरक्षा नम्बर (एकल स्वाममित्वकर्ताहरूका लागि मात्र)
- आवेदनकर्ता कम्पनीका लागि उत्तर अमेरिकी औद्योगिक वर्गीकरण प्रणाली (NAICS) कोड;
- मार्च 2020 देखि अप्रिल 2021 सम्मको अवधिका लागि मासिक नाफा-नोक्सान हिसाबकिताब, जुन खुद आय गणनाका लागि आधारको रूपमा प्रयोग गरिन्छ;
- निम्न निकायबाट आवेदन गरिरहेको व्यवसायले प्राप्त गरेको वा आवेदन दिएको कुनै पनि क्षतिपूर्ति वा सहयोग[2] सम्बन्धी विवरण:
    - सन् 2020 वा सन् 2021 मा फेडरल पेचेक प्रोटेक्सन प्रोग्राम (PPP) मा कर्जा र छुट रकमहरू;
    - इकोनोमिक इन्ज्योरी डिजास्टर लोन (EIDL) पेश्की (अनुदान) हरू;
    - सन् 2020 र सन् 2021 मा COVID-19 को परिणामस्वरूप हुने आर्थिक क्षतिहरूका लागि अन्य प्रत्यक्ष संघीय वा राज्यका अनुदान कोषहरू;
- सन् 2019 र सन् 2020 का लागि संघीय र राज्यको कर दाखिला विवरण;
- निम्न निश्चित मासिक खर्चहरूका लागि एक महिनाको बील बीजकहरूको अपलोड:
    - व्यावसायिक धितो वा भाडा;
    - व्यावसायिक बीमा;
    - बिजुली;
    - ताप;
    - पानी;
    - ढल निकास सेवा;
    - दूरसञ्चार सेवाहरू (ल्याण्डलाइन तथा सेलुलर र व्यवसायसँग सम्बन्धित केबल सेवा लगायतका फोन सेवा); र
    - इन्टरनेट सेवा।

आवेदनको समयमा बन्द रहेका व्यवसायहरूले अनिवार्य रूपमा निम्न कुराहरू उपलब्ध गराउनुपर्नेछ:

- आवेदकले अनुदान रकमहरूलाई व्यवसायलाई पुन: सञ्चालन गर्न र आर्थिक पुनर्उत्थानका लागि गर्नेछन् भन्ने प्रमाणीकरण *(आवेदनमा उपलब्ध गराइएको)*;
- हाल सञ्चालनमा नरहेका व्यवसायहरूका लागि, आफ्नो असल नियत सहितको पुनः खोल्ने योजनाको संक्षिप्त, लिखित विवरण *(आवेदनमा उपलब्ध गराइएको)*।

---

[2] सहयोग रकमहरूलाई समायोजित खुद आय गणना गर्न प्रयोग गरिनेछ जसले अझै पनि अनिवार्य रूपमा अनुदानका निम्ति योग्य हुनका लागि खुद घाटा देखाउनुपर्छ।

## आवेदन प्राथमिकताका मापदण्डहरू

एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टले प्राप्त गरेका अनुदान आवेदनहरूको प्राथमिकताका लागि तल दिइएका मापदण्डहरूलाई प्रयोग गर्नेछ:

अनुदान स्वीकृत भएको पहिलो 30 दिनभित्र पहिलो प्राथमिकता अनुदान रकमहरू तल दिइएका सबै मापदण्डहरू पूरा गर्ने आवेदकहरूलाई निकासा गरिनेछः

- व्यवसायले सन् 2020 वा 2021 मा कुनै पनि संघीय वा राज्यको आर्थिक सहयोग (*यसमा निम्न लगायत तर तिनीहरूमा मात्र सीमित नहुने पर्दछन्*) प्राप्त गरेको छैन र त्यसको कुनै विचाराधीन आवेदन छैन[3]:
  - पेचेक प्रोटेक्सन प्रोग्राम (तलब संरक्षण कार्यक्रम) कर्जा तथा अनुदानहरू;
  - इकोनोमिक इन्जुरी डिजास्टर (आर्थिक क्षति प्रकोप) कर्जा तथा अनुदानहरू;
  - निम्न लगायतका कोरोना भाइरस राहत कोष वा ARPA कोषद्वारा उपलब्ध गराइने कुनै पनि अन्य प्रत्यक्ष आर्थिक सहयोग:
    - भर्मोन्ट इकोनोमिक रिकभरी (भर्मोन्ट आर्थिक पुनर्उत्थान) अनुदान;
    - सोल प्रोप्राइटर स्टेबिलाइजेसन प्रोग्राम (एकल स्वामित्व स्थिरीकरण कार्यक्रम) अनुदान;
    - हेल्थकेयर प्रोभाइडर (स्वास्थ्य सेवा प्रदायक) अनुदानहरू;
    - रेस्टुरेन्ट रिभाइटलाइजेसन ग्रान्ट फण्डिङ (रेस्टुरेन्ट पुनरुद्धार अनुदान कोष);
    - शटर्ड भेन्यु (शटर लगाइएका स्थल) अनुदान;
    - भर्मोन्ट एग्रिकल्चरल (भर्मोन्ट कृषि) अनुदान;
- संघीय कर दाखिलामा देखाइए अनुसार व्यवसायले सन् 2020 मा खुद घाटा बेहोरेको थियो।

30 दिने प्रारम्भिक अनुदान आवेदन समयावधिपछि, एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टले माथिका मापदण्डहरू अनुसार पहिलो प्राथमिकता अनुदान रकम निकासा गर्न जारी राख्नेछ। यद्यपि, प्रारम्भिक 30-दिने समयावधिपछि, एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टले सन् 2020 खुद कर घाटा बेहोर्ने सन् 2020 तथा 2021 मा प्राप्त गरेको गैर-करयोग्य सहयोग रकम थप्दा पनि खुद घाटा देखाउन सक्ने व्यवसायलाई अनुदान रकम प्रदान गर्न तलको दोस्रो तहको प्राथमिकता मापदण्डहरू उपयोग गर्नेछ। यसमा निम्न कुराहरू पर्दछन्ः

- गैर-करयोग्य संघीय वा राज्यका आर्थिक सहयोग (*पेचेक प्रोटेक्सन कार्यक्रमद्वारा छुट प्राप्त कर्जा, इकोनोमिक इन्जुरी डिजास्टर अनुदान र कोरोनाभाइरस राहत वा ARPA कोषद्वारा उपलब्ध गराइने कुनै पनि गैर-करयोग्य प्रत्यक्ष आर्थिक सहयोग लगायत*);

[3] शटर्ड भेन्यु अनुदान र रेस्टुरेन्ट रिभाइटलाइजेसन अनुदानका लागि आवेदन दिएका र आवेदनहरू विचाराधीन अवस्थामा रहेका आवेदकहरूलाई पहिलो 30 दिनभित्र प्राथमिकता दिइने छैन।

## अनुदान रकम फर्मुला

अनुदानको रकम निम्नानुसार गणना गरिनेछ: अपलोड गरिएका बील बीजकहरूमा देखाइए अनुसार निश्चित मासिक खर्चहरूको तीन गुणा योग। योग्य व्यवसायको निश्चित मासिक खर्चहरूमा निम्न कुराहरू पर्दछन् *(अपलोड गरिएका बील बीजकहरूद्वारा निर्धारित गरिए अनुसार)*:

- व्यावसायिक धितो वा भाडा;
- बीमा, बिजुली;
- ताप, पानी;
- ढल निकास सेवा;
- दूरसञ्चार सेवा; र
- इन्टरनेट सेवा।

यद्यपि, अनुदान रकमहरू निम्नमध्ये कम रकमभन्दा बढी हुनुहुँदैन:

- गैर-करयोग्य पूर्व सहयोग रकम थपिएपछि आवेदकको बाँकी खुद घाटा; वा
- $150,000[4]:

## अडिट (लेखा परीक्षण) प्रक्रिया र अनुपालन

एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टद्वारा प्रदान गरिने सबै अनुदानहरू यस कागजातमा उल्लेख गरिएका दिशानिर्देशहरूद्वारा स्थापित मानक लेखा परीक्षण प्रावधानहरूको अधीनमा रहनेछन्। अनुदानलाई खर्च गर्दा प्राप्त भएका सबै कागजात तथा रसिदहरूलाई सुरक्षित राख्न सिफारिस गरिन्छ र 5 वर्षसम्म तिनीहरूको लेखा परीक्षण हुन सक्नेछ।

हरेक आवेदकले झुठा ठहरिएमा सजाय पाउने कानुन अन्तर्गत सबै आवेदन फारमहरू र अपलोड गरिएका कागजातहरूमा उपलब्ध गराइएका सबै विवरण सत्य र ठीक रहेको भनेर प्रमाणित गर्नुपर्नेछ। भर्मोन्ट राज्य यो अनुदान रकम प्रदान गर्दा ठोस प्रमाणको रूपमा यस प्रमाणीकरणमा निर्भर रहनेछ। यसका साथै, आवेदकहरूले अनिवार्य रूपमा जानाजानी जानकारी गलत ढङ्गले प्रस्तुत गर्नु जालसाजी हो र यसले गर्दा थप सुविधाहरू प्राप्त गर्न आवेदन अयोग्य मानिन, प्रशासनिक दण्ड सजायहरू पाउन र आपराधिक कार्यवाही हुन सक्ने कुरा बुझेको प्रमाणित गर्नुपर्नेछ।

त्यस बाहेक, सबै अनुदान रकमहरू एजेन्सी तथा राज्य लेखा परीक्षकले उही माथि उल्लेखित 5-वर्षे अवधि *(वा राज्य लेखा परीक्षकद्वारा निर्धारित अवधि)* सम्म निरीक्षण हुन सक्नेछ।

## पुनर्ग्रहण प्रक्रियाहरू

कानुन बमोजिम एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टसँग निम्न अवस्थाहरूमा अनुदान रकमलाई पुनर्ग्रहण गर्ने (फिर्ता लिने) अधिकार हुन्छ; 1) यदि कुनै प्राप्तकर्ता अनुदान प्राप्त गर्न अयोग्य ठहरिएमा; 2) रकम अनुदान बढी दिइएको भएमा; वा 3) आवेदकको

[4] एजेन्सीसँग यी दिशानिर्देशहरू बमोजिम र व्यवसायले संघीय वा राज्यका स्रोतहरूबाट प्राप्त गरेको हुन सक्ने कुनै पनि COVID-19 सँग सम्बन्धित प्रत्यक्ष आर्थिक सहयोग रकमको आधारमा कुनै पनि अनुदान रकम घटाउने अधिकार हुन्छ।

व्यवसायलाई सहायता नगरेर अन्य क्रियाकलापहरूमा अनुदान रकम प्रयोग गरेको पाइएमा।

## अनुदान आवेदनको समयरेखा

एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टले पहिलो प्राथमिकताका अनुदान आवेदनहरूका लागि समयसीमा यस सूचनाको मितिदेखि 45 दिनभित्र खोल्नेछ। प्राथमिकता आवेदनहरूका लागि दिइने प्रारम्भिक 30-दिने समयावधिपछि दोस्रो प्राथमिकता आवेदनहरूको विचार र समीक्षा गरिनेछ।